सहयोगी कर्मचारीहरु श्री नुमलाल खनाल सहायक पाचौ शितगंगा न.पा.

सहयोगी कर्मचारीहरु श्री ओम प्रकाश पाण्डे ना.सु शितगंगा न.पा.

**मिति २०७८/३/२८ गतेको नगरकार्यापालिका बैठकका प्रस्तावहरु**

१. योजनाहरुको जाचपास तथा फरफारक सम्बन्धमा ।

२. पूर्व बैठकको समिक्षा सम्बन्धमा ।

**निर्णयहरु**

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा चालु आ.व.को हाल सम्म सम्पन्न भई भुक्तानीको लागि माग भई आएका योजना तथा कार्यक्रमहरु गठित जाचपास तथा फरफारक समितिले गरेको फरफारकलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा चालु आ.व.मा यस नगरकार्यपालिको बैठकबाट भएका निर्णयहरुको सन्दर्भमा समिक्षा गरियो । मिति २०७८/२/२४ को कार्यपालिकाको बैठकबाट निकट आइरहेको वर्षादलाई मध्यनजर राखी खरिद गर्ने भनिएको रु ५ लाख को जाली र रु ५ लाखको पाईप खरिद भैसकेको भन्ने कार्यालयबाट आजको बैठकमा जानकारी भयो । कार्यपालिकाको बैठकबाट हुने निर्णयहरु सम्बन्धित शाखाले समयमै कार्यान्वयनको लागि कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

सहयोगी कर्मचारीहरु श्री नुमलाल खनाल ना.सु.न.पा.

सहयोगी कर्मचारीहरु श्री ओम प्रकाश पाण्डे ना.सु शितगंगा न.पा.

मिति २०७८/३/२९ गतेको नगरकार्यापालिका बैठकका प्रस्तावहरु

१. वास योजना स्वीकृत गर्ने सम्बन्धमा ।

२. देउराली जलुके लामाताल बाघे सडक मर्मतको खर्च अनुमोदन सम्बन्धमा ।

३. रनिङ्ग शिल्डको खर्च भुक्तानी सम्बन्धमा ।

४. वाडा कार्यालयबाट प्रदान गरिने सेवा सम्बन्धमा ।

५. आगजनीबाट घर पूर्ण क्षति भएका परिवारलाई राहत दिने सम्बन्धमा ।

६ योजनामा प्रयोग भएको प्राकृतिक श्रोतमा रोयल्टी लिने सम्बन्धमा ।

७. प्राथमिक स्वास्थ्य केन्द्रलाई अनुदान सम्बन्धमा ।

निर्णयहरु

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा नगरपालिकाले Mwater Application विधिबाट संकलन गरेको खानेपानी, सरसफाई योजनाहरुको आधारमा विश्लेशण गरी खानेपानी, सरसफाई र स्वच्छता (वास) योजनाको अन्तिम प्रतिवेदन आजको बैठकमा प्रकाश सचेतन समूह (प्राग) मार्फत पेश भई प्रस्तुतीकरण भयो । डाडा संकलन गर्दा तथा पूर्व कार्यपालिकाको बैठकबाट प्राथमिकीकरण गर्दा समेत छुट भएका तपशिल बमोजिमका योजनाहरु समावेश गरी तयार गरिएको खानेपानी, सरसफाई र स्वच्छता (वास) योजना स्वीकृत गरियो । आगामी दिनमा उक्त स्वीकृत खानेपानी, सरसफाई र स्वच्छता (वास) योजना बमोजिम कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपशिल

पोखरी तर्फ

वडा नं. ५ का पोखरीहरु :- सिमलारुख, कालिमाटी, करापु

वडा नं. ७ का पोखरीहरु :- जुवाकोट कोट, जलुके त्रिकोण ताल, दङ्गालडाँडा, रातामाटा, लामाताल, जावुने पोखरी

वडा नं. १० का पोखरीहरु :- वर्रेनह, वर्रे पश्चिम फुलडाँडा, हर्रे दकाचौर, पल्लागाउँ पोखरी, सादेपोखरा, मुली पोखरा सिद्धारा, बहखोर पोखरी, सामकोट उपल्लाटोल, लिसिकुना कोलाखर्क

वडा नं. ३ ठाडा डमरुदह

वडा नं. २ भिर्राकोथुमको पोखरी

वडा नं. १३ नेटाखर्क दह

**पुराना खानेपानी मर्मत तर्फ**

वडा नं. ३ तर्फका योजनाहरु (१) छङ्गछङ्गे पदमे खा.पा. (२) मुलका टुनी खान्दुला पाचपोखरा सिख खा.पा. (३) खर्सका खा.पा. (४) खिव्दी खा.पा. (५) कैलासे खा.पा. (६) कोल पखेरे खा.पा.

वडा नं. १ तर्फका योजनाहरु (१) बगालेपानी मन्द्रे खा.पा. (२) सुवर्णखाल साविक १, २, ३ खा.पा. (३) घाटखोला हल्दे खा.पा.

वडा नं. ७ तर्फका योजनाहरु (१) जलुके वालकल्याण खा.पा. (२) जुवाकोट खा.पा. (३) बान्द्रे खा.पा. (४) लामाताल खा.पा. (५) बान्द्रे खा.पा. (६) खनियापानी खानेपानी (७) वुटेनी चाम्रे खा.पा.

वडा नं. ४ तर्फका योजनाहरु (१) काउले लिफ्ट खा.पा. (२) रानाखोला लिफ्ट खा.पा. (३) जैनिकोट अमराई लिफ्ट खा.पा. (४) पानीपाटा लिफ्ट खा.पा. (५) ओखती चाक्ला खा.पा. (६) थामकोट लिफ्ट खा.पा. (७) चिदी लिफ्ट खा.पा. (८) रिपाहा पोखेडाडा खा.पा. (९) गौरीकुन्ड खा.पा. (१०) वेओरे खोला अमराई खा.पा. (११) वाउने खोला ओखलढुङ्गा खा.पा. (१२) हात्तिढुङ्गा खा.पा. (१३) जुकेपानी खा.पा. (१४) पोखेडाडा खा.पा.

वडा नं. ९ तर्फका योजनाहरु (१) लामिदमार खा.पा. (२) नयाँवस्ती वस्ती (३) लौरी छहरे खा.पा. (४) सिद्धारा खा.पा.

वडा नं. १० तर्फका योजनाहरु (१) डिही खा.पा. (२) सिद्धारा सिसिकुना खा.पा. (३) बाटुले खा.पा. (४) वर्रे पश्चिम खा.पा.

वडा नं. ११ तर्फका योजनाहरु (१) ढुङ्गेसेरा खा.पा. (२) टिक्करी खा.पा.

वडा नं. १२ तर्फका योजनाहरु (१) मुलखोला रजिया लिफ्ट खा.पा. (२) खुम्चिकोट लिफ्ट खा.पा. (३) जयकोट देउराली लिफ्ट खा.पा. (४) बान्द्रे टिक्करी खा.पा. (५) बसेरी डोहोटे खा.पा. (६) रानीकुवा धौलेटाकुरा खा.पा. (७) रानीकुडा चुरेटोला खा.पा. (८) घसेनी रजिया खा.पा. (९) खल्याखर्क खा.पा. (१०) दमारे खा.पा. (११) कुडापानी हडाहा कोठिया खा.पा.

वडा नं. १३ तर्फका योजनाहरु (१) डडुवा खा.पा. (२) देउराली जौवारी किर्तिपुर लिफ्ट खा.पा. (३) नेटाखर्क हिटनटोला खा.पा. (४) छाप रिकोट बाउनखर्क खा.पा. (५) कल्लेरी कासखर्क खा.पा. (६) सिमलपानी खा.पा. (७) सानिलेक खा.पा. (८) गोव्रेपानी खा.पा.

वडा नं. १४ तर्फका योजनाहरु (१) पावर खा.पा (२) सुखौरा खा.पा. (३) ढाव खा.पा.

वडा नं. २ तर्फका योजनाहरु (१) गौरी शंकर खा.पा. वडाचौर (२) जुरेथुम निपाने खा.पा. (३) जलुके अधेरी चलौजा खा.पा. (४) गोजरखोला भिर्रा खा.पा. (५) जुरेथुम मुलावारी लिफ्ट खा.पा. (६) लापेखोला डुडकट्टा खा.पा. (७) जुरेथुम खण्ड खा.पा.

नयाँखानेपानी योजना तर्फ

वडा नं. ४ तर्फका योजनाहरु (१) बेहोरेखोला गोर्जिथुम (२) ओखेती गंगाखोला खा.पा. (३) चोलो रंगाउने सिउडेनी खा.पा. (४) चिदीपधेरा जस्रामे खा.पा. (५) सौरका रुख ओखलढुङ्गा खा.पा. (६) छेडा चिदी खा.पा. (७) भेडामारा खा.पा. (८) सल्लीकोट खा.पा.

वडा नं. ५ तर्फका योजनाहरु (१) लिव्दीखोला लटेडाडा खा.पा. २२ घर (२) कालिमाटी खोला कालिमाटी खा.पा २७ घर

वडा नं. ६ तर्फका योजनाहरु (१) कुन्टी टावर टोल खा.पा. ६५ घर (२) रत्ने कलमकोट खा.पा. ६० घर ( ३) कोइवाङ्ग लिफ्ट खा.पा. ३५ घर (४) लामादिप खा.पा २५ घर

वडा नं ९ तर्फका योजनाहरु (१) खारघाट खा.पा. २० घर

वडा नं. ११ तर्फका योजनाहरु (१) जावुनेवास खा. पा. २५ घर (२) खयरभट्टी लिफ्ट खा.पा. ७० खा.पा.

वडा नं. १०  तर्फका योजनाहरु (१) उनाए पात्ले राक्से खा.पा. २५ घर

वडा नं. १४  तर्फका योजनाहरु (१) लेवासे खा.पा. ४० घर (२) राजीफाट खा.पा. १० घर

वडा नं. १२ तर्फका योजनाहरु (१) कोन्द्रे पिरापानी हरीओम खोला दरवारे खा.पा. ५५ घर (२) कुडुले डोहोटे खा.पा. ३५ घर (३) पात्लेपानी घसेनी खा.पा. २८ घर (४) निपाने खा.पा. १२ घर (५) पिरापानी हरीओम खोला दरवारे खा.पा. ४० घर (६) आपसोती खा.पा. २२ घर (७) कुडापानी कोठिया मैदान खा.पा. ३७ घर (८) जयकोट खा.पा. १० घर (९) मुल ढुङ्गे खा.पा. ढुङ्गे २५ घर

संयुक्त योजना तर्फ

(१) सिद्धारा खा.पा. वडा नं. ९ र १०  - ५० घर

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा मिति २०७८/१/२६ को कार्यापालकाको बैठकबाट देउराली जलुके लामाताले सडक खण्ड अर्न्तगत जलुकेको वाकस पहिरो हटाउन भएको सम्झौता बमोजिमको खर्च रु १,४०,०००।- लाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा मिति २०७८/१/४ गतेको नगर शिक्षा समितिको निर्णय अनुसार भएको राष्ट्रिपति रनिङ्ग सिल्ड प्रतियोगितामा २,७६,५५०।- खर्च भई नपुग भएको रकम रु १,७६,५५०।- मिल्दो शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस नगरपालिकाको वडा कार्यालयबाट प्रदान भईरहेको सेवा प्रवाहको विषयमा छलफल भयो । सेवा प्रवाहलाई थप सहज र व्यवस्थित बनाउन निम्न बमोजिमको कार्यलाई व्यवस्थित गर्ने निर्णय गरियो ।

क) वडा अध्यक्ष कुनै करणले केही दिन कार्यालयमा उपस्थित नभएमा जिम्मेवारी तोकी लिखित रुपमा कार्यवाहक दिने र सो को बोधार्थ यस कार्यालयलाई दिने ।

ख) वडा कार्यालयमा खटाईएको वडा सचिव, वडा प्राविधिक, एक गाउ एक प्रविधिक र कार्यालय सहयोगी लगायतका कर्मचारीहरुको कार्यालयमा उपस्थितिलाई नियमित र व्यवस्थित बनाउने, वडा सचिव लगायतका कर्मचारीहरु विदा काज वस्नु पर्ने अवस्था भएमा यस कार्यालयसँग समन्वय गरी बैकल्पीक व्यवस्था मिलाई वडा सचिवको विदा वडा अध्यक्षले र अन्य कर्मचारीहरुको विदा वडा सचिवले स्वीकृत गराई वस्ने व्यवस्था मिलाउने । सो को जानकारी यस कार्यालयलाई लिखित रुपमा दिने ।

ग) कार्यालयबाट जनतालाई प्रदान गर्ने सेवालाई थप व्यवस्थित र सहज बनाउन आवश्यक कार्य गर्ने ।

घ) कार्यालयमा उपस्थित हुँदा कर्मचारीहरुले अनिवार्य तोकिएको पोशाक लगाउनु पर्ने ।

ङ) वडा कार्यालय सरसफाई लगायत सूचना पाटी, गुनासो पेटीका, नागरिक वडापत्र लाई व्यवस्थित गर्ने ।

निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा मिति २०७८/३/२८ को स्थानीय तह विपद व्यवस्थापन समितिको निर्णय अनुसार घरमा आगो लागेर पूर्ण क्षति भएका परिवारलाई तत्काल रु ५००००।- (पचास हजार) राहत स्वरुप दिने निर्णय गरियो ।

निर्णय नं. ६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा आगामी आ.व २०७८/०७९ देखि नगरपालिका आफै र विभिन्न निकायहरुबाट यस नगर क्षेत्र भित्र निर्माण तथा मर्मत हुने योजनाहरुमा स्थानीय सामाग्री (प्राकृतिक श्रोत ढुङ्गा, मिस्कट, बालुवा) प्रयोग गरेमा नियमानुसारको दरमा नगरपालिकाले संचालन गरेका योजनाहरुमा रोयल्टी कट्टा गरी भुक्तानी गर्ने व्यवस्था मिलाउने र अन्य निकायबाट संचालन हुने योजनाहरुको हकमा सम्बन्धित योजनाको स्टीमेट माग गरी सो का आधारमा नगरपालिकामा रोयल्टी बापतको रकम जम्मा गर्न लगाई निर्माण तथा मर्मत गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

निर्णय नं. ७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा प्राथमिक स्वास्थ्य केन्द्र ठाडाबाट चालु आ.व.मा कोविड लगायतको काममा एक जना ल्यावको कर्मचारीबाट मात्र कार्य सम्भव नभई थप जनशक्ति व्यवस्थापन गरी कार्य हुदै आएको सन्दर्भमा स्वास्थ्य केन्द्रको श्रोतबाट व्यवस्थापनमा सहजता नभएकोले यस वर्षको लागि मात्र रु

२५०००००/- अनुदान स्वरुप प्राथमिक स्वास्थ्य केन्द्र ठाडालाई विपद अर्न्तगत कोभिड कोषबाट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ८**

चालु आर्थिक वर्ष भित्र बुझाउनु पर्ने राजश्व रकम कोभिड समेतको कारण असहज परिस्थिति श्रृजना भई बुझाउन नसकेकाहरुको लागि २०७८ साल श्रावण महिना सम्म बुझाएमा जरीवाना शुल्क मिनाहा गर्ने निर्णय गरियो ।